सम्पर्क नं. : ०२५५४००२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

दुहवी, सुनसरी

प्रदेश नं. १, नेपाल

प. स. :-२०७८/०७९
च. नं. :- १३९०

मितिः २०७८।०९।०२

**विषयः मतदाता नामावली सङ्कलन कार्यमा आवश्यक प्रचार प्रसार र समन्वय गरिदिने सम्वन्धमा ।**

वडा कार्यालयहरु सबै
दुहवी नगरपालिका सुनसरी ।

प्रस्तुत विषयमा यस नगरपालिकामा तपसिलको मिति, स्थान र समय सञ्चालनन हुन गइरहेको मतदाता नामावली संकलन विशेष कार्यक्रम २०७८ मा मतदाता नामावली सङ्कलन कार्यमा आवश्यक प्रचार प्रसार, समन्वय तथा सहजीकरण गरिदिनुहुन अनुरोध छ । यस मतदाता नामावली संकलनमा आवश्यक पर्ने कागजात तपसिलमा उल्लेख.गरे अनुसार हुने साथै सहजताका लागि तपसिलका मितिमा तपसिलका वडाहरुलाई प्राथमिकतामा राखि नामावली संकलन हुने व्यहोरा समेत अनुरोध छ ।

<u>तपसिल</u>

मितिः २०७८।०९।०४ गते देखि मिति २०७८।०९।१८ सम्म

समयः विहान १० वजे देखि वेलुका ४ वजे सम्म

स्थानः दुहवी नगरकार्यपालिकाको कार्यालय, योजना शाखा ।

नाम दर्ता गर्न आवश्यक पर्ने कागजातहरुः

क. नेपाली नागरिकताको सक्कल प्रमाण पत्र लिई स्वयं व्यक्ति उपस्थित हुने ।

ख. नागरिकतामा उल्लेख भएको स्थायी ठेगाना भन्दा फरक स्थानको मतदाता नामावलीमा नाम समावेश गर्न चाहेको भए :

- बसाई सरी आएकोमा वसाईसराइ प्रमाणपत्रको प्रतिलिपि ( एउटै पालिका भित्रको फरक वडाको हकमा समेत आवश्यक पर्ने )
- विवाह गरी आएकोमा विवाह दर्ताको प्रमाण पत्रको प्रतिलिपि ( यस अघि अर्को ठाउँको मतदाता नामावलीमा नाम समावेश भएको (मतदाता परिचय पत्र बनाई सकेको) भए मतदाता नामावलीमा नामसारी गर्न जिल्ला निर्वाचन कार्यालय, सुनसरीमा नै जानु पर्ने )
- यस विशेष कार्यक्रममा यस अघिको मतदाता नामावलीमा नाम छुट भएका अर्थात मतदाता परिचय पत्र नबनाएका तथा अन्यत्र कहींकतैको मतदाता नामावलीमा नाम समावेश नभएका र हाल नेपाली नागरिकताको प्रमाण पत्र प्राप्त गरेका विशुद्ध नयाँ व्यक्तिहरुको मात्र नामावली संकलन हुनेछ ।

सम्पर्क नं. : ०२५५४०0२४

# दुहवी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

शिक्षा युवा तथा खेलकुद शाखा

दुहवी, सुनसरी

प्रदेश नम्बर १, नेपाल

प. स. :-२०७८/०७९
च. नं. :-9350

| मिति | वडा नं | | |
|---|---|---|---|
| २०७८।०९।०४ गते | सबै | २०७८।०९।११ गते | ७ |
| २०७८।०९।०५ गते | १ | २०७८।०९।१२ गते | ८ |
| २०७८।०९।०६ गते | २ | २०७८।०९।१३ गते | ९ |
| २०७८।०९।०७ गते | ३ | २०७८।०९।१४ गते | १० |
| २०७८।०९।०८ गते | ४ | २०७८।०९।१५ गते | ११ |
| २०७८।०९।०९ गते | ५ | २०७८।०९।१६ गते | १२ |
| २०७८।०९।१० गते | ६ | २०७८।०९।१७ गते | छुटफुट सम्वन्धित सबै वडा |
| | | २०७८।०९।१८ गते | छुटफुट सम्वन्धित सबै वडा |

वोधार्थ:

श्री इलाका प्रहरी कार्यालय दुहवी सुनसरी (आवश्यक सुरक्षा व्यवस्थापन गरी सहयोग गरिदिनुहुन)

दर्तास्थल व्यवस्थापक

विकास घिमिरे
शाखा अधिकृत (शिक्षा)